अंक २०
भदौ २०७४

# शोध-संक्षेप

## निर्देशित लोकतन्त्रतर्फ अर्को पाइला:
# प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३

लामो संघर्षबाट लोकतान्त्रिक गणतन्त्र स्थापित भएसँगै यसका मूल मर्म, संरचना र अभ्यास भत्काउने क्रम थालिएको हो। रूपान्तरणका प्रयासबीच यही पदावलीलाई थेगो बनाउँदै अहिले केही समूह आ-आफ्नो वर्चस्व कायम राख्ने होडमा देखिएका छन्। खुला र शिष्ट समाजतर्फको बाटो मोडेर नेपाललाई शनैः शनैः नियन्त्रित समाजतर्फ डोऱ्याउने मनग्ये संकेत देखिँदैछन्। लोकतान्त्रिक गणतन्त्र आवरणमा सीमित रहने भय छ। किनकि, एकातर्फ राजनीतिक दलहरूको छवि आफ्नै अकर्मण्यता[१]ले गर्दा निरन्तर धमिलिँदै छ, अर्कोतर्फ नेपाली लोकतन्त्रको धमनि सार्वजनिक वृत्त (पब्लिक स्फेयर) लाई खुम्च्याउने प्रयत्न जारी छन्।[२] उदाहरणका लागि, एउटा सरकारी समितिले तयार गरेको राष्ट्रिय पुस्तक नीति, २०७३ को मस्यौदाले संविधानप्रदत्त अभिव्यक्ति र प्रकाशनको स्वतन्त्रता विपरीत "कस्तो पुस्तक, कसले, के विषयमा लेख्ने" समेत सरकारले तोक्नसक्ने उद्देश्य राख्छ।[३] सरकार-गठित अर्को संस्था—चलचित्र विकास बोर्ड—ले चलचित्र बनाउने "अनुभव नभएका" र "अनुमति-पत्र नलिएका" व्यक्ति अथवा संस्थाले चलचित्र बनाउन नपाउने नीति बनाउँछ। त्यसै गरी, अनलाइन मिडियालाई "नियमन गर्न" २०७३ सालमा जारी विवादास्पद निर्देशिकामा पत्रकारिताको स्तर अभिवृद्धि गर्ने नाउँमा "योग्यता परीक्षा उत्तीर्ण गरेर मात्र पत्रकारिता गर्न पाइने" नीति (लाइसेन्स राज) ल्याउन सिँगो राज्य अघि सऱ्यो।[४] नयाँ संविधानले प्रत्याभूत गरेका मौलिक हकसँग बाझिने गरी त्यही दस्तावेजमा राज्यका निर्देशक सिद्धान्त अन्तर्गतको धारा ५१(ञ)(१४) ले सामाजिक संघ-संस्थालाई "निर्देशित" गर्नसक्ने बुँदा

[१] राजनीतिक दलका प्रतिबद्धता पत्रहरू केलाउने हो भने तिनले वाचा गरेर पूरा नगरेका कामको फेहरिस्त लामो हुन्छ। उदाहरणका लागि, संविधानसभा गठन भएको दुई वर्षभित्रै संविधान बनाइसक्छौँ भनेर दलहरूले सार्वजनिक वाचा गरेका थिए, तर चार वर्षभित्र पनि संविधान बनाएनन् र संविधानसभा नै विघटन भयो। संविधानले परिकल्पनै नगरेको प्रधानन्यायाधीश मुलुकको प्रमुख कार्यकारी बने।

[२] नेपाली लोकतन्त्रका लागि विदेशी चलखेल, "माफियाखोरी" र बढ्दो सैनिक सक्रियता (व्यापार, ठेकापट्टा, मिडिया, आदिमा) अर्का ठूला चुनौती हुन्, जसबारे यो शोध-संक्षेपमा चर्चा गरिएको छैन।

[३] हेर्नुहोस्, अर्याल, दीपक। २०७३। पुस्तक नीति मस्यौदा : 'नियन्त्रणमुखी' नियत। *हिमाल खबरपत्रिका*। http://himalkhabar.com/news/512 मा उपलब्ध; ८ साउन २०७४ मा हेरिएको।

[४] नेपाल सरकार मन्त्रिपरिषद्बाट ३१ जेठ २०७३ मा स्वीकृत निर्देशिकाको सञ्चार क्षेत्रका विभिन्न सरोकारवालाहरूले तीव्र विरोध गरेपछि त्यसमा केही हेरफेर गरी ७ चैत २०७३ मा परिमार्जित निर्देशिका जारी गरियो। यो निर्देशिका पनि विवादमुक्त छैन। परिमार्जित निर्देशिकाका लागि हेर्नुहोस्, नेपाल सरकार। २०७३। अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३। *नेपाल राजपत्र*, ७ चैत। https://www.moic.gov.np/upload/documents/online-news-media-directive-2073_1490265086.pdf मा उपलब्ध, ८ साउन २०७४ मा हेरिएको। बीबीसी नेपाली। सन् २०१६। पत्रकारलाई परीक्षा लिने तयारीप्रति असन्तुष्टि। www.bbc.com/nepali/news/2016/08/160811_journalist_license मा उपलब्ध, ८ साउन २०७४ मा हेरिएको।

मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोनः ०१-४२३८०५०
फ्याक्सः ०१-४२४००५९
chautari@mos.com.np
www.martinchautari.org.np

पारिएको छ ।[५] लोकतान्त्रिक गणतन्त्र स्थापनापछि बनेका यी सबै नीतिगत परिवर्तनका प्रस्ताव/मस्यौदामा "नियन्त्रित समाज" को परिकल्पना हावी छ । यी प्रस्ताव/मस्यौदा आधारभूत मौलिक हक एवं लोकतान्त्रिक मूल्य-मान्यताका बर्खिलाप छन् ।[६]

लोकतन्त्रले सिद्धान्तत: नागरिकलाई निर्बाध रूपमा संगठित हुन प्रेरित गर्छ, साथै अवसर र प्रोत्साहन समेत प्रदान गर्छ । किनभने लोकतन्त्र सुदृढ र समुन्नत हुन राज्य मात्र होइन नागरिक पनि बलियो हुनु पर्दछ । वित्तीय क्षेत्र फस्टाउँदैमा वा आर्थिक विकासले मात्र नागरिक बलियो हुने होइन । राज्यको निर्णय प्रक्रियामा रचनात्मक हस्तक्षेप गर्न र राज्यद्वारा सञ्चालित कार्यक्रममा सार्थक सहभागिता देखाउन नागरिकले सामाजिक संस्थाको माध्यमबाट संगठित हुनसके मात्र जनमत सबल हुने हो । त्यसैले लोकतान्त्रिक समाजमा बहुल, उत्तरदायी र स्व-नियमित सामाजिक संस्थाको दह्रो उपस्थिति चाहिन्छ । यी सामाजिक संस्थाले राज्य र नागरिकबीच सम्बन्ध-सेतुको काम गर्छन् । नागरिकहरू संगठित हुने माध्यम, अवसर र सामर्थ्य कमजोर तथा राज्य बलियो हुँदा शासकहरू अधिनायकवादी हुन्छन् । राज्यको शासकीय क्षमता र नैतिक धरातल कमजोर र भएजति नागरिक सामाजिक संस्था अनुत्तरदायी शक्तिबाट अपहरित हुँदा स्थिति अराजक बन्छ । त्यसैले बलियो राज्य र बलियै नागरिक सामाजिक संगठनको पक्षमा समाज वैज्ञानिकहरूले वकालत गरेका छन् ।[७]

अधिनायकवादी शासन-व्यवस्थामा राज्यद्वारा नागरिक सामाजिक संस्था निमोठिन्छन् । यसको प्रत्यक्ष उदाहरण हामीसँगै यथेष्ट छन् । आवधिक निर्वाचनले मात्र राज्यलाई जनउत्तरदायी बनाउँदैन भन्ने अनुभव पनि हामीसँग प्रशस्त छन् । समुन्नत लोकतन्त्रमा राज्यले नागरिक सामाजिक संस्थाका स्थापना र क्रियाकलापलाई सहज बनाउँछ, साथै कतिपय अवस्थामा प्रत्यक्ष सहयोग समेत गर्छ । किनभने राज्यको निर्णय र कार्यक्रमका दैनन्दिन प्रक्रियाभित्र नागरिक सामाजिक संस्थाको आलोचनात्मक सहभागिताबेगर लोकतन्त्रलाई संस्थागत गर्न सकिन्न । संवैधानिक कानूनविद् तथा काठमाडौं विश्वविद्यालयको स्कूल अफ लका डीन विपिन अधिकारी भन्छन्, "सम्भवतः सबै सभ्य मुलुकमा नागरिक समाजका संस्था हुन्छन् र यस्ता गैरसरकारी संस्थाहरूलाई सरकारले नै बजेट दिएर काम गराएको छ किनभने उनीहरूलाई विकासको 'पार्टनर' मानिन्छ । हामीकहाँ 'पार्टनर' मान्ने होइन कि नियन्त्रणमुखी शैली छ । एकले अर्काको सामर्थ्य र शक्तिको प्रयोग गर्ने अवस्था जबसम्म आउँदैन [तबसम्म] यसले सकारात्मक परिणाम दिन सक्दैन ।"[८]

नेपालमा सामाजिक संस्थाको निर्माण र सक्रियतामा राज्यको लगानी शून्य त छ नै, जेनतेन सक्रिय नागरिक सामाजिक संस्थालाई आफूअनुकूल परिचालन गर्ने लामो इतिहास छ । साथै, स्वतन्त्र रही राज्य र समाजका वर्चस्वशाली समूहको आलोचना गर्दै सार्वजनिक वृत्तलाई उदार र शिष्ट राख्ने सामाजिक संस्थालाई समूल नष्ट गर्ने प्रयासको शृंखला पनि लामै छ । पछिल्लो समय नागरिक र राज्यबीच रहने यी मध्यस्थ या "इन्टरमिडिएट" नागरिक सामाजिक संघ-संस्थाउपर नियन्त्रणमुखी व्यवहार नेपालमा मात्र नभएर छिमेकी मुलुक भारत, बंगलादेश, पाकिस्तान लगायत युरोपमा समेत बढेको छ ।[९] यो अवस्थालाई विश्वस्तरमै देखापरेको दक्षिणपन्थको

[५] धारा ५१(ञ)(१४) मा "सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र संघ-संस्थाहरूलाई संलग्न गराउने" उल्लेख छ । हेर्नुहोस्, *नेपालको संविधान*; www.lawcommission.gov.np/documents/2016/09/नेपालको-संविधान.pdf मा उपलब्ध; ७ असार २०७४ मा हेरिएको ।

[६] ७ असार २०७३ मा केपी ओली नेतृत्वको तत्कालीन सरकारले जिल्ला विकास समितिको कार्यालयहरूलाई पठाएको गैसस परिचालनसम्बन्धी परिपत्रको चौथो बुदाँमा "परियोजना सम्झौता गर्दा वा पूर्वसहमति दिँदा धर्मप्रचार वा तत्सम्बन्धी गतिविधि सञ्चालन गर्ने प्रकृतिका परियोजनालाई अस्वीकृत गर्ने" उल्लेख छ । यसको आलोचनाका लागि हेर्नुहोस्, Khatry, Ramesh. 2017. Oli's Follies. *The Kathmandu Post*. http://kathmandupost.ekantipur.com/news/2017-04-27/olis-follies.html मा उपलब्ध; ९ जेठ २०७४ मा हेरिएको । संगठित हुन पाउने स्वतन्त्रतामाथि पछिल्लो हस्तक्षेपको उदाहरण धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाको बैठकले मानवअधिकार रक्षार्थ महिला सञ्जाल खोल्दा समेत स्पस्टीकरण सोध्नु हो । गाउँपालिकाको चिठीको तस्विरको लागि हेर्नुहोस् https://twitter.com/aryaltanka/status/880605420234067968 मा उपलब्ध; ९ साउन २०७४ मा हेरिएको ।

[७] उदाहरणका लागि हेर्नुहोस्, Migdal, Joel S. 1988. *Strong Societies and Weak States: State-Society Relations and State Capabilities in the Third World*. Princeton: Princeton University Press. जुन ठाउँमा सामाजिक संगठनहरूको उपस्थिति र बलियो सञ्जाल छ त्यहाँ समृद्धि हुने र त्यस्तो समाजमा दंगा पनि कम हुने तर्क गरिएको छ । हेर्नुहोस्, Putnam, Robert D., Robert Leonardi, and Raffaella Y. Nanetti. 1994. *Making Democracy Work: Civic Traditions in Modern Italy*. Princeton: Princeton University Press; Varshney, Ashutosh. 2003. *Ethnic Conflict and Civic Life: Hindus and Muslims in India*. New Haven: Yale University Press.

[८] हेर्नुहोस्, बीबीसी नेपाली । सन् २०१७ । नेपाल सन्दर्भ (विपिन अधिकारी र रामराज भट्टराईसँग बीबीसी नेपालीले गरेको छलफल) । www.bbc.com/nepali/news-38783814 मा उपलब्ध; २७ जेठ २०७४ मा सुनिएको ।

[९] भारतको उदाहरणका लागि हेर्नुहोस्, भटनागर, गौरव विवेक । सन् २०१७ । एनजीओ के एफसीआरए लाइसेंस रद्द होने से रुके शिक्षा और मानवाधिकार के काम । *द वायर* । http://thewirehindi.com/898/educational-human-rights-programme-derailared-as-ngos-loses-fcra-license/ मा उपलब्ध । युरोपको लागि हेर्नुहोस्, Unmussig, Barbara. 2017. The Return of Repression. Project Syndicate. www.project-syndicate.org/commentary/civil-organization-increasingly-repressed-by-barbara-unmuessig-2016-05 मा उपलब्ध । बंगलादेशमा भने द्वन्द्वात्मक सम्बन्ध राज्य र नागरिक समाजबीच मात्र नभएर नागरिक समाज र परम्परागत सामाजिक संस्थाहरूबीच पनि रहेको केही लेखकको ठम्याइ छ । हेर्नुहोस्, Iftekhar, Iqbal. 2017. A Genealogy of Society: Mapping the Relationship between Samaj and Civil Society

चक्रवातसँग जोडेर पनि विश्लेषण भएको छ।[१०] नेपालमा भने राज्यका सबै निकायलाई कब्जामा राखी सकेजति स्रोत दोहन गर्न सबै पन्थका समूह लागीपरेका छन्। तिनका निमित्त फस्टाउँदो सार्वजनिक वृत्त र नागरिकहरू संगठित हुन पाउने सामाजिक संस्था दुवै खतरनाक तगारा बनेका छन्।

यसै परिप्रेक्ष्यमा, नागरिकहरू आ-आफ्ना रुचि र चासोका क्षेत्रमा संगठित हुँदै सार्वजनिक जीवनमा सक्रिय हुन पाउने मूल लोकतान्त्रिक अधिकारलाई कटौती गर्दै सामाजिक संघ-संस्थालाई "नियन्त्रण" गर्ने पछिल्लो कडीको रूपमा "समाज कल्याण तथा विकास ऐन, २०७३" को मस्यौदा आएको छ।[११] मस्यौदाका विभिन्न बुँदा केलाउँदै यो शोध-संक्षेपमा मस्यौदा किन लोकतान्त्रिक मूल्य-मान्यताको विपरीत छ र यसले कसरी नेपाललाई नियन्त्रित समाजतर्फ डोऱ्याउँछ भन्ने देखाइएको छ। अहिलेको सरकारी प्रयासलाई ऐतिहासिक सन्दर्भमा हेर्नका लागि नेपालमा सामाजिक संघ-संस्थाको स्थापना र सञ्चालन गर्न विगतमा भएका संवैधानिक एवं कानूनी व्यवस्थाको चर्चासमेत गरिएको छ। प्रस्तावित मस्यौदाका समस्यामूलक प्रावधानहरूको चर्चा, र यसले कसरी नेपाली समाजलाई पछाडि धकेल्छ भन्ने विश्लेषण त्यसपछिको खण्डमा गरिएको छ। अधिनायकवाद उन्मुख निर्देशित समाजतर्फको नेपालको यो प्रतिगमनलाई बेलैमा रोक्न प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३ लाई खारेजै गर्नुपर्छ र नागरिक सामाजिक संस्थाको प्रत्यक्ष सहभागिता र व्यापक बहसमार्फत मात्र त्यस्तो कुनै ऐनको मस्यौदा बन्नुपर्छ भन्ने निष्कर्ष निकालिएको छ।

## नियन्त्रणको इतिहास

नियन्त्रित समाजतर्फको नेपालको यो क्रमिक यात्राले वि.सं.२०१७–२०४६ सम्मको हाम्रो अतीतको झ-झल्को दिने भएकोले नितान्त नवीन कुरा चाहिँ भएन। वि.सं. २००७–२०१७ को अवधिमा र २०४६ सालको राजनीतिक परिवर्तनपछि धेरै हदसम्म राज्यको कुनै निकायको निर्देशन र छेकबार नबेहोरी नेपाली नागरिकले रुचि र विचार मिल्ने अन्य नागरिकसँग मिलेर, गैरनाफामूलक साना-ठूला योजना अघि बढाउन पाए। पञ्चायतअघि र पछि तिनले आफूले रोजेका विभिन्न संघ-संस्थासित आबद्ध हुन पाए। विभिन्न सामाजिक हैसियत आर्जन गर्न पाए र विभिन्न भूमिका निर्वाह गर्दै नेपाली समाजको समुन्नतिमा योगदान दिन पाए। घरछेउका पौवा-पोखरी, बाटा-घाटा संरक्षण/मर्मत हुन् या बाघचाल, बुद्धिचालजस्ता खेला प्रवर्धन हुन् या सडक/खोलानाला सरसफाइ अभियान हुन् या सिंगै समाज परिवर्तन गर्न खोज्ने आन्दोलन हुन्, नेपाली नागरिक आफूलाई रुचि र चासो भएका विषयमा संगठित भएर अहिले विभिन्न सार्वजनिक क्रियाकलाप गरिरहेका छन्। कतिपयले आफ्नै लगानीमा र कतिले देशी-विदेशी सहयोग जुटाएर भौतिक विकासका गतिविधि सञ्चालन गरेर देश विकासमा सघाइरहेका छन्। यी सबै कार्यले नेपाली समाजलाई जीवन्त तुल्याएका छन्। तर सक्रिय र संगठित नागरिक र जीवन्त समाजको यो सार्वजनिक पाटो नेपाली शासक वर्गलाई रुचेको छैन। उनीहरूका नजरमा सबैखाले संघ-संस्था एउटै हुन्; शासकले जे निर्देशन दिन्छ त्यो तिनले मान्नुपर्छ; नागरिकको आफ्नो चाहनाको, विचारको, स्वत्वको केही महत्त्व छैन। नियन्त्रण र निर्देशन गर्ने यस्तो परिकल्पना र अभिरुचि विगतमा राज्य सञ्चालकहरूले नेपाली समाजलाई सनासोले अँठ्याउने गरेका प्रयत्नको मलजलले हुर्केको हो। त्यसैले, अहिलेका नियन्त्रणमुखी प्रयत्नको अन्तर्य बुझ्न राज्य र शासकवर्गले समाजलाई बन्द राख्न गरेका कदम केलाउनु पर्छ।

### *२०४६ सालअघि*

वि.सं. २००७ अघि राणाहरूको १०४ वर्ष लामो जहानिँया शासनका बेला न अभिव्यक्ति र प्रकाशन निर्बाध थियो न सांगठनिक स्वतन्त्रता।[१२] धार्मिक/पारम्परिक प्रयोजनका लागि गुठी, ढिकुर जस्ता संस्था भए पनि "रैती" तुल्याइएका जनताले आफूलाई रुचि र चासो लाग्ने गतिविधिमा समूहबद्ध संलग्न हुन पाउँदैनथे। गैरसरकारी पहलमा पाठशाला, पुस्तकालय जस्ता संस्था सञ्चालन गर्नसमेत निषिद्ध जस्तै थियो। तर यो वा ऊ उपाय निकालेर खास गरी राणाकालको उत्तरार्धमा विद्यालयहरू जनस्तरमा स्थापना भएका थिए। एक पटक सञ्चालनमा आए पनि पछि शासकको कोप खप्नुपर्ने जोखिमबाट मुक्ति भने मिल्थेन, किनभने पाठशाला खोलेर केटाकेटी पढाएकै कारण मानिसहरू जेलमा परेका थिए।[१३] त्यस्तै, पुस्तकालय सञ्चालन गर्न पाउँ भनी निवेदन दिँदैमा मात्र पनि दण्ड-सजाय

in Bangladesh. *South Asia: Journal of South Asian Studies* 40(1): 162–174.

[१०] हेर्नुहोस्, पराजुली, लोकरञ्जन, आभाष भण्डारी र प्रत्यूष वन्त। सन् २०१७। नियन्त्रित समाजतर्फको यात्रा। *कान्तिपुर* http://kantipur.ekantipur.com/news/2017-03-13/20170313080353.html मा उपलब्ध; १० वैशाख २०७४ मा हेरिएको।

[११] यो शोध-संक्षेपमा चर्चा गरिएको मस्यौदा www.mowcsw.gov.np/userfiles/files/SWC_Draft.pdf मा उपलब्ध छ; १३ वैशाख २०७४ मा हेरिएको।

[१२] प्रकाशनसम्बन्धी राणाकालीन व्यवस्थाका लागि हेर्नुहोस्, Parajuli, Lokranjan. 2012. 'Objectionable Contents': The Policing of the Nepali Print Media during the 1950s. *European Bulletin of Himalayan Researh* 41: 58–83.

[१३] उदाहरणका लागि, चिनियालाल, सिद्धिचरण श्रेष्ठ आदि मिलेर राणाकालमा महावीर इन्स्टिच्यूट (स्कूल) सञ्चालन गरेका थिए तर पछि शासकहरूले सञ्चालकहरूलाई पक्रेर जेल सजाय दिए, जसमध्ये चिनियालालको जेलमै मृत्यु भयो। सरूभक्त, सं। २०५२। *सिद्धिचरणका जेल संस्मरण*। काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

भोगेका थिए।[१४] सेवा दल, परोपकार, चर्खा प्रचारक महागुठी, आदि केही सामाजिक संस्था विशिष्ट समय र कारणले त्यस कालमा खुलेका थिए। तर तिनले गर्न पाउने कामको दायरा साँघुरो थियो। राजनीतिक छलफल र अधिकारको कुरा गर्ने बित्तिकै ती संस्थाहरू बन्द गरिने र त्यसका सदस्यहरू पक्राउ पर्थे। यसरी राणाकालमा निकै जोखिमपूर्ण शर्त मानेर पनि सार्वजनिक वृत्तको सानो हिस्सासम्म मात्र नेपालीहरूको पहुँच थियो।

राणाकालपछि करिब एक दशक सामाजिक संघ-संस्थाहरूको उल्लेख्य विकास र विस्तार भयो। २००७ सालको प्रजातान्त्रिक परिवर्तनले ल्याएको अभिव्यक्ति र संगठनको स्वतन्त्रताको उपभोग गर्दै नागरिकहरूले थुप्रै सामाजिक संस्था खोले : साहित्यिक संगठन, स्थानीय क्लब, सरसफाइ समिति, समाज-सुधार समिति, वाद-विवाद समूह, पुस्तकालय समाज, व्यावसायिक संगठन, सांस्कृतिक समूह, सामाजिक अभियान, आदि। सामाजिक संस्थाको संस्थागत विकास गर्न राज्यले पहिलो कदमको रूपमा यसै अवधिमा २०१६ सालमा समाज दर्ता ऐन ल्यायो। यो ऐनले सामाजिक संस्थाहरूलाई कानूनी मान्यता दियो र सेवा प्रदान गर्नेलगायत सामाजिक कार्यमा संलग्न संस्थाहरू राज्यका निकायमा दर्ता हुनुपर्ने प्रावधान राख्यो।[१५] नेपालमा औपचारिक र संस्थागत रूपमा सामाजिक संस्थाको उद्भव, जसलाई चल्तीको भाषामा गैरसरकारी संगठन भनिन्छ, सोही २०१६ सालको समाज दर्ता ऐनमार्फत भएको देखिन्छ। गुठीजस्ता संस्था दर्ता गर्ने व्यवस्था त्यसअघि पनि नभएको होइन तर यो ऐनले नै नेपालमा पहिलो पटक औपचारिक रूपमा सामाजिक संघ-संस्था गठन गर्न पाउने बाटो फराकिलो बनायो ।

तर खुला समाजतर्फको नेपालको यात्रा बीचैमा अलमलियो। २०१७ सालको पुसमा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरे, बहुदलीय व्यवस्थालाई अफाप घोषणा गरे। दलहरूमाथि प्रतिबन्ध लगाए, नागरिक अधिकार खोसे। उनले सामाजिक संस्थामाथि सीधै प्रतिबन्ध लगाएनन् तर नयाँ राजनीतिक र कानूनी परिस्थितिमा सरकारी प्रश्रय छाडेर कुनै संघ-संस्था स्थापना र सञ्चालन गर्न नसकिने भयो।[१६] वि.सं. २००७–२०१७ को दशकमा खुलेका धेरै संस्थाका सदस्य/अभियन्ता प्रत्यक्ष वा परोक्ष राजनीतिक दलसँग सम्बन्धित भएकाले २०१७ सालको राजकीय हस्तक्षेपपछि ती संस्थासमेत शंकास्पद ठानिए। तिनलाई राज्यले निगरानी गर्न थाल्यो। सरकारी तवरमा स्थापित "वर्गीय संगठन"ले नै सबै नागरिकका सबै खाले रुचि, चासो र सरोकारलाई सम्बोधन गर्ने हुनाले अन्य सामाजिक संस्थालाई वाञ्छनीय ठानिएन।[१७] र, वर्गीय संगठनबाहेक अरू औपचारिक माध्यमबाट राज्यसित दोहोरो अन्तःक्रिया गर्ने सुविधा थिएन। सार्वजनिक जीवनमा रहेको यो बन्देजी नेपाली समाजको मूल चरित्रसित मेल खाँदैनथ्यो।

वि.सं. २०३० को दशकदेखि परिस्थितिमा केही परिवर्तन आयो। एकातर्फ वर्गीय राजनीतिक संगठनको छाताबाहिर रही काम गर्न खोज्ने युवा समूह (क्लब), साहित्यिक संस्था, आदि स्थापनाका लागि प्रयत्न भए।[१८] अर्कातर्फ, देश विकासमा राज्यको मात्रै एकल प्रयत्न अपर्याप्त ठानिएकाले वैश्विक तहमै सामाजिक संघ-संस्थालाई सहयोगी भूमिकामा हेर्न थालियो।[१९] भूराजनीतिक महत्त्व हेर्दै नेपालमा सक्रिय भएका केही देशले आ-आफ्ना गैरसरकारी सामाजिक संस्थालाई भित्र्याए। विदेशी सहयोगमा आश्रित बन्दै गएको नेपालले ती संस्थाको सक्रियता रोक्ने ल्याकत राखेन। तसर्थ देशी-विदेशी दुवै परिस्थितिलाई ध्यानमा राखेर राज्यले २०३४ सालमा संस्था दर्ता ऐन लागू गऱ्यो। यो ऐनले अघिल्लो मृतप्रायः ऐनलाई प्रतिस्थापन गऱ्यो। केही लेखकले २००७ को परिवर्तनदेखि २०३४ सालको ऐन नआउँदासम्मको अवधिलाई सामाजिक सेवाको संस्थागत विकासको "अन्तरिम अवधि" भनेका छन्।[२०] संस्था दर्ता ऐनले धार्मिक, सांस्कृतिक, भौतिक, र व्यावसायिक कार्यमा

[१४] भीम शम्शेरको शासनकालमा केही युवाहरूले सार्वजनिक पुस्तकालय खोल्न खोज्दा गाथगादी ताकेको अभियोग लगाएर केहीलाई जेल सजायँ तथा केहीलाई १०० रूपियाँ जरिवाना गरिएको थियो। राणाकालमा सार्वजनिक पुस्तकालयको राजनीतिबारे थप जानकारीका लागि हेर्नुहोस्, पराजुली, रमेश। २०६३। सार्वजनिक पुस्तकालयको राजनीति : ऐतिहासिक सिंहावलोकन। *रूपान्तरण : समाज अध्ययन* ३ : १–१८।

[१५] Ghimire, Harihar. 2003. NGO/INGO Centered Approach to Development. *Occasional Papers in Sociology and Anthropology* 8: 204–217. www.nepjol.info/index.php/OPSA/article/viewFile/1128/1581 मा उपलब्ध; २९ जेठ २०७४ मा हेरिएको।

[१६] हेर्नुहोस्, Burghart, Richard. 1994. The Political Culture of Panchayat Democracy. In *Nepal in the Nineties: Versions of the Past, Visions of the Future.* Michael Hutt, ed., pp. 1–13. New Delhi: Oxford University Press. विभिन्न सार्वजनिक पुस्तकालयका सञ्चालकहरू विगतमा राजनीतिक दल सम्बन्धित भएकाले कसरी पञ्चायतकालमा ती पुस्तकालय कोपमा परे भन्ने जान्न हेर्नुहोस्, पराजुली, रमेश। २०६३। सार्वजनिक पुस्तकालयको राजनीति : ऐतिहासिक सिंहावलोकन। *रूपान्तरण : समाज अध्ययन* ३ : १–१८।

[१७] पञ्चायत व्यवस्थाले काम कसरी गर्थ्यो र वर्गीय संगठनको भूमिकाबारे जान्न हेर्नुहोस्, Baral, L.S. 2012. "Class Organizations" in Nepal: Social Control and Interest Articulation. In *Autocratic Monarchy: Politics in Panchayat Nepal.* Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 251–284. Kathmandu: Martin Chautari.

[१८] सरकारी अरुचि र नियन्त्रणका वावजुद एक वा अर्को हिसाबले यी संस्था स्थापना भएका थिए र कतिपय यस्ता संस्थाको स्थापना र सञ्चालनमा प्रतिबन्धित राजनीतिक दलका कार्यकर्ताको पनि भूमिका थियो। दलीय संलग्नताको गन्ध आएमा त्यस्ता संस्थाको भविष्य असुरक्षित हुन्थ्यो।

[१९] राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक परिदृश्य र चिन्तनमा आएका यी परिवर्तन बाहेक देशभित्रै शिक्षा, स्वास्थ्य, आम्दानी, बसाइँसराइ आदिमा आएका परिवर्तनको पनि भूमिका छ।

[२०] Shah, Indra Bikram, Tri Ratna Manandhar, Tirtha Prasad Mishra and Gopal Pokhrel 'Biwas.' 1986. *Social Services in Nepal: A Historical Perspective*. P. 158. Kathmandu: Social Service National Coordination Council.

संलग्न सामाजिक संस्थाहरूको विकास सम्भव बनायो पनि भनिन्छ।[२१] तर पञ्चायतकालीन राज्य-नियन्त्रित तथा पूर्ण अभिव्यक्ति स्वतन्त्रता नभएको समाजमा सामाजिक संस्था फस्टाउन सम्भव थिएन। पञ्चायती संविधानअनुसार सामाजिक संस्थाहरू (नागरिकहरू समेत) जुनसुकै बेला "सार्वजनिक हित" को निहुँमा कारबाहीमा पर्न सक्थे।

समाजका सबैखाले संगठित अभ्यासलाई आफ्नो सीधा पकडभित्र राखेको राज्यले मुलुकभर छिरलिएर देखापरेका देशी-विदेशी सामाजिक संघ-संस्थाले के-काम कसरी गरिरहेछन् थाहा नपाउने परिस्थिति भएपछि ती संस्थामाथि अनुगमन र नियन्त्रण गर्न एउटा निकायको खोजी गरियो। र, २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय ऐन ल्याइयो, र सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को समेत गठन भयो।[२२] यो ऐनले नेपालभित्रका पारम्परिक, उपकारमुखी र विकासे गरी सबै खाले सामाजिक संस्थालाई गैरसरकारी संगठनको वर्गभित्र पार्‍यो र तिनको हैसियत र महत्त्वलाई समान ठान्यो। समाजलाई निर्देशित गर्ने अभिभारा आत्मसात् गरेको तत्कालीन शासन व्यवस्थामा रानी ऐश्वर्यको संरक्षकत्वमा परिषद्ले बलियो "छाता संगठन" को रूप लियो। परिषद्मा सामाजिक संस्थाहरूको गतिविधि "समन्वय" गर्ने अधिकार थियो। साथै, गैरसरकारी संगठन, सरकार र अन्तर्राष्ट्रिय दाता संगठनबीच समन्वय र मध्यस्थता गर्ने अधिकार समेत थियो।[२३] नागरिक संगठन, सामाजिक संस्था र गैरसरकारी संस्थाबारे लेख्दा "एकरूपता," "समन्वय," र "दोहोरो नपर्ने" जस्ता शब्द परिषद्का प्रतिवेदनमा नियमित जस्तै प्रयोग हुन्थे। यी शब्दहरू त्यस व्यवस्थाका आधारभूत राजनीतिक सिद्धान्तसँग मेल खान्थे। २०३९ सालमा गरिएको सामाजिक सेवा राष्ट्रिय समन्वय ऐनको संशोधनमा अन्य सामाजिक संस्थाहरू जिल्ला प्रशासन कार्यालयमा मात्र नभएर परिषद्मा पनि दर्ता हुनुपर्ने व्यवस्था गरियो। यसै वर्ष नियमनको अर्को तहको रूपमा श्रम तथा समाज कल्याण मन्त्रालयको समेत गठन भयो।

यसरी सामाजिक संस्था जम्मैलाई एउटै डालोमा हाल्ने, तिनलाई राज्यको प्रत्यक्ष निगरानीमा राख्ने, तिनका उपस्थितिलाई एकभन्दा बढी निकायमार्फत नियन्त्रण गर्ने र गतिविधिलाई समन्वय र मध्यस्थताको नाममा निर्देशित गर्ने अभ्यासको जग बन्यो। यी कदम चाल्ने तत्कालीन शासकवर्गले नागरिकहरूको मौलिक अधिकारको अभ्यासको रूपमा सामाजिक संस्थाहरूलाई हेरेनन्। परिषद्को नजरमा ती फगत् "राष्ट्रिय विकास" र "सामाजिक सेवा" का पूर्जा मात्र थिए। र, तिनले गर्ने काममा निरंकुश पञ्चायती शासन व्यवस्थाअन्तर्गत दरबारको प्रत्यक्ष निगरानी र नियन्त्रण हुन्थ्यो। जसरी राजसंस्था सर्वोपरी थियो, त्यसको कुनै प्रतिस्पर्धी थिएन, त्यसरी समाजका सबै अभिव्यक्ति राज्यको मुखबाट सुनिनु पर्थ्यो। नागरिकका सबैखाले सार्वजनिक अभ्यासलाई सर्वाधिकारसम्पन्न र प्रतिस्पर्धीरहित सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले निर्देशित र नियन्त्रित राख्यो। अहिले सामाजिक संस्थालाई राज्यसत्ता हाँकेका मानिसको स्वार्थ र रुचि अनुकूल काम गराउने संकथन, र अनुगमन र मूल्यांकनको नाममा तिनको स्वायत्त अस्तित्वलाई धरापमा पार्ने कर्मचारीतन्त्रको सतत् प्रयास वि.सं.२०३० को दशकको त्यही जगमा उठाइएका प्रवृत्ति हुन्।

## ***२०४६ सालपछि***

एउटा राजनीतिक प्रणालीका रूपमा पञ्चायत व्यवस्थाको गुण-दोष जे थिए, थिए, तर नेपाली नागरिकको अनेक माध्यमबाट अरू नागरिकसँग र राज्यसँग सम्बन्ध जोडिरहने मौलिक स्वभावलाई सो नियन्त्रणमुखी व्यवस्थाले उकुसमुकुस बनायो। सार्वजनिक वृत्तलाई एकोहोर्‍याउने यो पञ्चायती जाल नेपाली माटो नसुहाउँदो हुनाले अन्तत: छिन्नभिन्न भयो। २०४६ सालको राजनीतिक परिवर्तनपछि शाही निरंकुशतालाई सघाउने पञ्चायतकालीन परिषद्ले निर्वाह गर्दै आएको भूमिकाको आलोचना भयो। बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा सामाजिक संघ-संस्थालाई नियन्त्रण गर्न प्रयोग भएको परिषद्लाई निरन्तरता दिइएकोमा आपत्ति उठाइयो। नागरिकको संगठित हुन पाउने अधिकारलाई सहजीकरण गर्न नभएर सो अधिकार कुण्ठित गर्दै राज्यको दमन-नीति कार्यान्वयन गर्ने संस्थाका रूपमा परिचालित परिषद्को प्रजातान्त्रिक समाजमा ठाउँ नरहेको भन्दै विरोध भयो। परिषद् यथावत् राख्नु "प्रजातन्त्रको अवहेलना" भन्दै नागरिकहरू र संघ-संस्थाहरूले परिषद् विघटनको माग राखे। उनीहरूका अनुसार, परिषद्को चासो नेपालमा सामाजिक संस्थाहरूको विकासमा भन्दा सामाजिक संस्थाहरूले दाताबाट पाउने सहयोगमा ज्यादा थियो।[२४]

[२१] Chand, Diwakar. 1991. *Development through Non-governmental Organizations in Nepal*. P. 30. Kathmandu: Institute for National Development Research and Social Services.

[२२] ८ असार २०३२ मा काठमाडौँमा सामाजिक कार्यकर्ताहरूको गोष्ठी आयोजना गरिएको, सोही गोष्ठीले सामाजिक संघ-संस्था र तिनका कामको "नियमन" गर्ने राष्ट्रियस्तरको निकायको आवश्यकता औँल्याएको र सोहीबमोजिम पछि परिषद् गठन भएको तर्क गरी परिषद् स्थापनाको औचित्य सिद्ध गरिएको छ। हेर्नुहोस्, Chand, Diwakar. 1991. *Development through Non-governmental Organizations in Nepal*. P. 33. Kathmandu: Institute for National Development Research and Social Services.

[२३] Chand, Diwakar. 1991. *Development through Non-governmental Organizations in Nepal*. P. 43. Kathmandu: Institute for National Development Research and Social Services.

[२४] २४ वैशाख २०४८ मा एनजीओ कोअलिसनले जारी गरेको प्रेस विज्ञप्ति। Panday, Devendra Raj. 1991. *NGO Movement in Nepal: An Analysis of Legal and Institutional Framework*. www.icnl.org/research/library/files/Nepal/framework.pdf मा उपलब्ध; २८ जेठ २०७४ मा हेरिएको।

२०४९ सालमा आएर सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को ठाउँ समाज कल्याण परिषद्ले लियो। सामाजिक सेवा राष्ट्रिय समन्वय ऐनलाई समाज कल्याण ऐनले प्रतिस्थापन गऱ्यो । नामबाट "समन्वय" शब्द हट्तैमा बहुदलीय प्रजातन्त्रको पुन:स्थापना पश्चात् परिषद्ले समन्वयको नाममा राज्यको रुचि र प्राथमिकता अनुकूल सामाजिक संस्थाका क्रियाकलापमा हस्तक्षेप गर्ने खतरा कम भएको थिएन । सामाजिक संस्थाहरू र नेपाल सरकारबीच समन्वय गराउने परिषद्को एउटा उद्देश्य त छँदै थियो । परिषद्ले "सामाजिक संस्थाहरूको स्थापना, विकास, विस्तार र सुदृढीकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने" कार्यलाई समेत आफ्नो कर्तव्य मानेकोले सामाजिक संस्थाहरूले आफ्ना गतिविधि तुलनात्मक रूपले खुला वातावरणमा सञ्चालन गर्न पाउने संकेत पाए। तर यही नयाँ वातावरणमा सबैखाले सामाजिक संस्था दर्ता गराउने ऐन भने पञ्चायतकालीन संस्था दर्ता ऐन, २०३४ नै रह्यो । आश्चर्यको कुरा, प्रजातान्त्रिक शासन व्यवस्थामा नागरिकहरूको संगठित हुन पाउने र संस्था खोल्न पाउने मौलिक अधिकारबारे संसद र आमवृत्तमै खासै बहस भएनन्। र, सामाजिक संस्थाहरूलाई केवल विकासको माध्यम अथवा सरकारी कार्यक्रम कार्यान्वयनमा साझेदारसम्म मान्ने पञ्चायतकालीन नीतिमा समेत कुनै परिवर्तन भएन। सबैखाले संघ-संस्थालाई एकै डालोमा हालेर एकै दृष्टिले हेरियो। तिनको कानूनी हैसियत, प्रकृति, कार्यक्षेत्र, उत्तरदायी समुदाय र लोकतान्त्रिक पद्धति र प्रक्रियामा तिनको योगदानमा रहेको विविधता चिन्ने प्रयास भएन। अहिले एनजीओको सगोल नामबाट जानिने संस्थाहरूबीच रहेको ठूलो विविधताले नेपाली समाजको बहुल संरचना र आकांक्षालाई प्रतिविम्बित गर्छ भन्ने कुरा बुझ्न खोजिएन।

यति हुँदाहुँदै पनि २०४६ साल पछिको पच्चीस वर्ष नेपालमा सामाजिक संस्थाहरूको विकासका निम्ति सबैभन्दा महत्त्वपूर्ण समय रह्यो। अघिल्ला अवधिमा जस्तो सामाजिक कार्यमै मात्र सामाजिक संस्था सिमित भएनन्। राज्यले सामाजिक संघ-संस्थालाई नकारात्मक नजरले नहेर्दा र तिनका गतिविधिमा प्रत्यक्ष हस्तक्षेप नगर्दा मात्र पनि विविध उद्देश्य बोकेका भिन्न स्वरूप र प्रकृतिका थुप्रै संस्थाको जन्म र वृद्धि भयो। यीमध्ये अधिकांश संस्था गठन गर्न, तिनले कार्यक्रम चलाउन र तिनको क्षमता अभिवृद्धि गर्न राज्यकोषबाट कुनै लगानी गरिएको छैन। तिनमा आबद्ध नेपाली नागरिकले स्वःस्फूर्त संगठित भएका हुन्। आ-आफ्ना रुचि र उद्देश्यलाई बृहत्तर समाजको हिततर्फ डोऱ्याएका हुन्। कार्यक्रम सञ्चालन गर्न चाहिने स्रोतसाधन आफैँ जुटाएका हुन्। तिनीहरू आ-आफ्ना जनसमूहप्रति उत्तरदायी र पारदर्शी पनि छन्। विषमताले भरिएको र द्वन्द्वले थिलथिलिएको मुलुकमा अधिकार पैरवी गर्ने संस्थाको सक्रियताले मुलुकलाई हिंसाबाट शान्तिको क्षेत्रमा डोऱ्याएकै हो। त्यस्तै, निरंकुश अधिनायकवादी शासनतन्त्रतर्फ मुलुकलाई पटकपटक लग्न खोज्दा तिनलाई निष्प्रभावी तुल्याउन र लोकतन्त्रलाई अझ बढी मजबूत बनाउन विभिन्न सामाजिक संघ-संस्थाले मुख्य भूमिका निर्वाह गरेकै हुन्। देशको आमूल परिवर्तनका ऐतिहासिक बिन्दुमा समाजका सबै अंगझैँ सामाजिक संस्था पनि बिउँझेका हुन्छन्। राज्यका सञ्चालक शक्ति र समाजका प्रभुत्वशाली वर्गलाई वेलाबखत खबरदारी गर्न देखाएको जुझारुपनले गर्दा बेलाबखत यिनीहरूलाई समानान्तर राज्य चलाउन खोजेको आरोप पनि लाग्छ।[२५]

## नियन्त्रित समाजतर्फ प्रतिगमन

वि.सं. २०४६ सालदेखि दोस्रो संविधानसभासम्मको समय—बीचमा ज्ञानेन्द्र शाहको "प्रत्यक्ष" शासनकालबाहेक—लाई नेपाली राज्य सामाजिक संस्थाप्रति तुलनात्मक रूपमा उदार र सहनशील रहेको मान्ने हो भने पनि पछिल्लो समय उस्को अनुदार, असहिष्णु र नियन्त्रणकारी अनुहार देखिँदैछ। विद्यमान संवैधानिक व्यवस्था र ऐन-कानूनको बर्खिलाप गई समाज कल्याण परिषद्लगायतका निकायले विभिन्न निर्देशिकामार्फत सामाजिक संघ-संस्थालाई नियन्त्रण गर्न खोजिएकै थियो, अब कानूनी रूपमै संघ-संस्थालाई नियन्त्रण गर्न खोजिएको स्पष्ट भएको छ। प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३ सामाजिक संघ-संस्थाप्रति अत्यन्तै अनुदार रूपमा प्रकट भएको छ। यो लागू भएमा पञ्चायतकालीन नियन्त्रणकारी राज्यतर्फ मुलुकलाई फर्काउँछ । पञ्चायतकालीन ऐनको "दोहोरो नपर्ने," "एकरूपता," र "समन्वय" लगायतका शब्दहरू यो प्रस्तावित ऐनमा प्रशस्त प्रयोग भएका छन्।

प्रस्तावित ऐन अनुदार र नियन्त्रणमुखी चरित्रको हुनेछ भन्ने कुरो मस्यौदाको प्रस्तावनादेखि नै प्रस्ट हुन्छ। गैरसरकारी संस्थाहरू, जसभित्र वैदेशिक सहयोग लिने प्राय: सबै किसिमका सामाजिक संस्थाहरू पर्दछन्, लाई "निर्देशित गर्न" तथा संस्थाहरूको "व्यवस्थित र समन्वयात्मक रूपमा परिचालन" र "अनुगमन," "नियमन," र "मूल्यांकन" गर्न ऐन बनाइएको त्यहाँ उल्लेख छ। विद्यमान समाज कल्याण ऐनलाई अब समाज कल्याण तथा विकास ऐन नाम दिइनुले राज्यलाई "विकास" मार्फत मात्र समाज कल्याण हुनसक्छ र सामाजिक संस्था भनेका फगत "विकास" का अस्त्र हुन् भन्ने ठानिएको देखिन्छ। प्रस्तावित ऐनका अनुसार, "समाज कल्याण तथा विकास कार्य" भन्नाले "नेपाली समाजको समतामूलक विकास, सामाजिक रूपान्तरण, महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक अल्पसंख्यक समुदाय, अशक्त एवं अपांगता भएका व्यक्ति, दलित तथा उपेक्षित समुदाय र आर्थिक रूपले बिपन्न नागरिकहरूको हित, सशक्तीकरण, आर्थिक उत्थान तथा पुनर्स्थापनासम्बन्धी कार्य सम्झनु पर्दछ।" नेपालमा हाल

[२५] हेर्नुहोस्, Bhandari, Avash. 2017. Calling for a Public Debate on CSOs. *Setopati.* http://setopati.net/opinion/20550/ Calling-for-a-Public-Debate-on-CSOs/ मा उपलब्ध; २८ जेठ २०७४ मा हेरिएको।

सञ्चालनमा रहेका सामाजिक संस्थाहरूलाई "समाज कल्याण र विकास" को यतिबिघ्न साँघुरो अर्थ या व्याख्याले समेट्न सक्तैन । ऐनको मस्यौदा केलाउँदा के बुझिन्छ भने सामाजिक संगठन भनेका फगत "समाज कल्याण र विकासको कार्य सञ्चालन" गर्नका लागि मात्र खोलिन्छन् । बौद्धिक कर्म गर्न, अध्ययन-अनुसन्धान गर्न, हक-अधिकारको बहस पैरवी गर्न, राज्य र गैरराज्यबाट हुने गलत, गैरकानूनी कामविरुद्ध निगरानी गर्न अथवा आफ्ना सामान्यभन्दा सामान्य रुचिलाई पूरा गर्न नागरिकलाई संगठित हुन जरुरी छैन । र, ऐनका मस्यौदाकारका निमित्त यो वाञ्छनीय पनि छैन ।

प्रस्तावित ऐनको परिच्छेद ४, दफा ९ का विभिन्न बुँदामा समाज कल्याण परिषद्को "काम, कर्तव्य, र अधिकार" उल्लेख छ । यो दफाको बुँदा "ख" र "ग" सामाजिक संस्थाहरूको कार्यक्षेत्र र गतिविधिलाई संकुचित पार्ने उद्देश्यले प्रेरित छ । बुँदा ९(ख) अनुसार परिषद्को अधिकार र कर्तव्य भनेको "राष्ट्रिय विकासको प्राथमिकताका आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुलुकको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भावमा खलल नपुग्ने गरी र मुलुकको परराष्ट्र तथा सुरक्षा नीति प्रतिकूल नहुने गरी प्रभावकारी रूपमा समाज कल्याण तथा विकासको कार्य सञ्चालन गर्ने सामाजिक संस्थाहरूलाई प्रोत्साहित र सहजीकरण गर्ने" हो । सामाजिक संस्थाको अस्तित्व नै "राष्ट्रिय विकासको प्राथमिकताका आधारमा" परिषद्ले निर्धारण गर्न सक्नु भनेको नागरिकको संगठित हुने संवैधानिक अधिकारलाई कुण्ठित पार्नु हो । राज्यका सरोकार र सामाजिक संस्थाका चासो बेमेल हुन सक्छन् । अझ राज्य निरंकुश हुँदै जाँदा ती विपरीत पनि हुन सक्छन् । बुँदा ९(ख) को अधिकार प्रयोग गरी समाज कल्याण परिषद्ले त्यस्ता संस्थाको अस्तित्व मेट्ने प्रक्रिया थाल्न सक्छ । समाजका सबै अवयवलाई राज्य सञ्चालनको कार्यक्रममा एकोहोरो जोत्नु नै निर्देशित लोकतन्त्रको मुख्य लक्षण हो ।

त्यसै गरी परिषद्को अर्को अधिकार र कर्तव्य "समाज कल्याण तथा विकासको क्षेत्रमा कार्य गर्ने संघ, संस्थाको कार्यक्षेत्रको प्राथमिकताक्रम निर्धारण गर्दै दोहोरो नपर्ने गरी विषय र भौगोलिक आधारमा तिनीहरूको कार्यक्षेत्र निर्धारण गर्ने" रहेको छ । यो प्रावधान झनै विडम्बनापूर्ण छ । पहिलो, यो प्रावधानमार्फत् नागरिकहरूको संगठित समूहलाई "तँ यो गर र यो नगर" अथवा "यो वा ऊ ठाउँमा जा" भन्ने अधिकार समाज कल्याण परिषद्ले लिन खोजेको छ, जुन सरासर संविधानको नागरिकको संगठित हुने मौलिक हकको विरुद्ध छ । त्यसबाहेक, सामाजिक संस्थाले केवल "विकास निर्माण" का कामहरू मात्र गर्छन् भन्ने सोचाइ यो प्रावधानले राखेको देखिन्छ ।[२६] "विकास निर्माण" बाहेक बहस-पैरवी, बौद्धिक र प्राज्ञिक कर्म गर्ने संस्थाहरू कुनै स्थानविशेषमा सीमित हुँदैनन् । तर लोकतन्त्रको समुन्नतिका लागि तिनको विशेष स्थान छ । अझ तीमध्ये केहीको मुख्य उद्देश्य नै बृहत्तर समाजको हितका लागि नागरिकमा राज्यका नीति र कार्यक्रमप्रति आलोचनात्मक चेत पैदा गर्नु हुन्छ । निर्देशित लोकतन्त्रका हिमायतीहरूलाई, जो कहिलेकाहीँ मिडियामा मुखर देखिन्छन्, अहिले पनि यस्ता अनुसन्धानमुखी, अधिकार-केन्द्रित र बहसपैरवी गर्ने सामाजिक संस्था खतराजनक ठान्छन् । तिनको बेग्लै आलोचनात्मक महत्त्व परिषद्ले अहिले पनि स्वीकारेको छैन । यो तथ्य त्यस्ता संस्थाले परियोजना सञ्चालन गर्न खोज्दा पूर्वसहमति ल्याउनुपर्ने, परियोजनाबाट लाभान्वित हुने अमुक जनसंख्या तोक्नुपर्ने र विकास निर्माणको मूल्यांकन अनुगमन गर्न बनाइएको ढाँचा तीमाथि लाद्ने कुराबाट प्रमाणित हुन्छ । प्रस्तावित ऐनमा यो स्वेच्छाचारी प्रवृत्ति समान विकासको आशय ओढेर देखापरेको छ । प्रस्तावित ऐनको मस्यौदाकारको बुझाइ धेरै थरी संस्थाले एकै ठाउँमा एकै किसिमका काम गर्दा समस्या हुन्छ त्यसैले तिनको प्राथमिकता तोकेर भिन्नाभिन्नै ठाउँमा खटाउनुपर्छ भन्ने रहेको देखिन्छ । "दोहोरो नपर्ने" प्रावधान धारा, चर्पी, विद्यालय बनाउनेजस्ता भौतिक संरचना निर्माणका उद्देश्य बोकेका संस्थाका सन्दर्भमा थोरबहुत युक्तिसंगत देखिएला । तर विभिन्न सामाजिक मुद्दा उठाउने, हक अधिकार पैरवी गर्ने र अनुसन्धान गर्ने संस्थाका हकमा यो ग्राह्य हुन सक्दैन ।

त्यस्तै, परिच्छेद ९ को दफा ३३ मा प्राथमिकता निर्धारणबारे अझ स्पस्ट पारिएको छः "परिषद्ले नेपाल सरकारको राष्ट्रिय नीतिका आधारमा विषयगत तथा भौगोलिक क्षेत्रसमेतलाई ध्यानमा राखी परियोजना सञ्चालनका लागि प्राथमिकता क्षेत्र निर्धारण गर्नेछ ।" प्राथमिकता तय गरेपछि त्यो बाध्यकारी र परिवर्तन गर्न नमिल्ने किसिमको हुने देखिन्छ । दफा ३३(३) ले यो कुरा यसरी उल्लेख गर्छः "प्राथमिकता क्षेत्रभन्दा बाहिरको कार्यक्रम सञ्चालन गर्न कार्य अनुमति दिइने छैन । साथै, त्यस्ता कार्यक्रमको साधारण तथा परियोजना सम्झौता पनि गरिने छैन ।" पहिलो, सामाजिक संस्थाहरूलाई "नेपाल सरकारको राष्ट्रिय नीतिका आधारमा" टेकेर कुनै कार्यक्रम सञ्चालन गर्न अनुमति नदिनु पूर्वप्रतिबन्ध (सेन्सरसिप) हो । त्यस्तो आधारको खोजी पञ्चायती निर्देशित प्रजातन्त्रबाट प्रेरित मानसिकताको उपज हो र यो आजको लोकतान्त्रिक समाजमा स्वीकार्य हुन सक्तैन ।

दोस्रो, कुन भौगोलिक क्षेत्रमा गएर कस्तो काम गर्ने भनेर निर्देशन दिनसक्ने अधिकार कुनै पनि निकायसित राखिनु खुला समाजमा मान्य विषय होइन । उदाहरणका लागि, अनुसन्धान गर्न खोज्ने एउटा प्राज्ञिक गैरसरकारी संस्थालाई समाज कल्याण परिषद्ले यो क्षेत्रमा अनुसन्धान गर्न पाइन्छ, त्यो क्षेत्रमा पाइँदैन वा यो विषयमा अनुसन्धान गर्न पाइन्छ, त्यो विषयमा पाइँदैन भन्दै कार्यक्रम सञ्चालनको अनुमतिको प्रक्रिया

[२६] राज्यले त्यस्ता संस्थाको आवश्यकता देखेको छ भने पनि तिनीहरूलाई भौतिक पूर्वाधार निर्माण गर्ने वा प्रत्यक्ष सेवा प्रदान गर्ने अन्य संस्थाहरूलाई जसरी नै व्यवहार गर्ने सोच यस ऐनले राखेको छ ।

मै हस्तक्षेप गर्नु चरम अलोकतान्त्रिक व्यवहार हो । यो भनेको एउटा मिडियासम्बन्धी संस्थालाई यो क्षेत्रमा वा यो विषयमा समाचार लेख्न पाइन्छ, यो क्षेत्र वा विषयमा समाचार लेख्न पाइँदैन भनेर पूर्वप्रतिबन्ध लगाएको परिस्थिति सरह हो । यसले खोजी पत्रकारितालाई प्रोत्साहित गर्ने संस्थाको सञ्चालनमा पनि परिषद्ले रोक लगाउन सक्ने देखिन्छ । वास्तवमा अनुमतिको आवश्यकता नै सामाजिक संस्थाले समाजको स्वास्थ्यलाई हानिकारक कुरा उत्पादन गर्न सक्छन् भन्ने मान्यताबाट उब्जेको हो । यो लाइसेन्स राजको लक्षण हो । राज्यलाई कुन संस्थाले कहाँ के कार्यक्रम गर्दैछ भन्ने जानकारीसम्म चाहिने हुनसक्छ । कुनै संस्थाका कार्यक्रमले नकारात्मक प्रभाव पर्‍यो भन्ने प्रमाणित गर्ने बलियो आधार भए परिषद्ले जुनसुकै बेला देशमा प्रचलित कानूनबमोजिम प्रक्रिया थाले पुगिहाल्छ । संविधानमा उल्लिखित नागरिकको मौलिक हकमाथि ठाडो हस्तक्षेप गर्न मिल्दैन ।

परियोजना सम्झौता चरणमा मात्र नभएर कार्यक्रम सञ्चालनको सिलसिलामा पनि "निर्देशन-राज" सामाजिक संस्थामाथि हावी हुने देखिन्छ । प्रस्तावित ऐनको दफा ५२(२) अनुसार "समाज कल्याण तथा विकास कार्य सञ्चालन गर्ने संघ, संस्थालाई कार्यक्रम सञ्चालनको सिलसिलामा परिषद्ले आवश्यक निर्देशन दिन सक्नेछ ।" त्यस्तै, "मन्त्रालयले[२७] आवश्यक ठानेमा कुनै पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाबाट भएगरेका कार्यहरूको सुपरीवेक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।" यसरी परिषद्को "निर्देशन दिनसक्ने" अधिकार एकदमै तानाशाही प्रतित हुन्छ किनभने यसले कुनै पनि संस्थाले कस्तो र कुन क्षेत्रमा काम गर्ने भन्ने छनोट र रुचिको अधिकार सोही संस्थालाई नभएर परिषद् र मन्त्रालयलाई दिन्छ । संगठित हुँदा नै आफ्नो उद्देश्य घोषणा गरिसकेका संस्थाले कार्यक्रम सञ्चालन गर्दा फेरि परिषद् र मन्त्रालयको निर्देशनअनुसार गर्नुपर्ने हो भने यो प्रावधानले सामाजिक संस्थालाई सधैँ परिषद् र मन्त्रालयको मुखापेक्षी बनाउने छ । परिषद् र मन्त्रालयको स्वेच्छाचारितालाई अंकुश लगाउने बाटो हुने छैन । अन्यथा साबित नभएसम्म निर्भय भई आफ्नो उद्देश्य अनुरूप कार्यक्रम सञ्चालन गर्न पाउने सामाजिक संस्थाको संवैधानिक हक जुनसुकै बखत हनन् गर्ने बाटो खुल्नेछ ।

परियोजना सम्झौतासम्बन्धी यस्तो प्रावधानले रचनात्मक आलोचनाको मौका पनि निमिट्यान्न पार्न सक्छ । यो प्रावधानले त्यस्तो व्यवस्थाको परिकल्पना गर्छ (जुन हाल प्रचलित ऐन र व्यवहारमा पनि लागू छ) जसअनुसार यदि जिल्ला विकास समिति (जिविस; हाल जिल्ला समन्वय समिति भनिएको) समेत संलग्न जिल्लाका विकासमूलक कार्यमा हुने अनियमितता वा भ्रष्टाचारबारे कुनै सामाजिक संस्थाले अध्ययन-अनुसन्धान गर्न चाह्यो भने सबैभन्दा पहिले जिविसकै सहमति वा पूर्वस्वीकृति लिनुपर्छ । त्यस्तो अवस्थामा सो जिविसबाट "स्वीकृति" पाउन सहज हुने छैन । आफैँमाथि प्रश्न उठ्नसक्ने अनुसन्धान वा अन्य क्रियाकलापका लागि पूर्वसहमति दिन कुनै सरकारी निकाय/स्थानीय तह या सरकार सहजै तयार नहोलान् । यो भनेको कुनै पत्रकारले जिल्ला प्रशासन कार्यालयमा भएको भ्रष्टाचारबारे रिपोर्ट लेख्नुपूर्व जिल्ला प्रशासन प्रमुख (सीडीओ) को स्वीकृति लिनुपर्ने र लेखेपछि यो लेखेँ भनेर प्रतिवेदन बुझाउनु पर्ने सरह हो । पूर्वसहमति वा स्वीकृतिसम्बन्धी यस्ता प्रावधान राज्यले गर्ने कामकारबाहीमाथि नागरिकले संगठित रूपमा प्रश्नै उठाउन नपाऊन् भन्ने मनशायबाट प्रेरित छन् । यो नेपाली लोकतन्त्रका लागि शुभ सूचक होइन ।

संविधानविद् विपिन अधिकारीले बीबीसीको छलफलमा भनेका छन्, "परिषद्को भूमिका सहजकर्ताको हो । यदि नियन्त्रण मात्र उद्देश्य भएको भए त जिल्ला कार्यालय छँदै थियो नि, प्रजिअको पावर, पुलिस पनि थियो । चाहिएको बेलामा खत्र्याकखुत्रुक गरेर सेना पनि प्रयोग गर्न सकिन्थ्यो । किन समाज कल्याण परिषद् चाहियो? [किनभने] समाज कल्याण परिषद्को शैली, दृष्टिकोण र काम गर्ने तौरतरिका नेपाल सरकारको विभागीय कर्मचारीको जस्तो होइन । यसले काम गर्दाखेरी जहिले पनि आफ्नो सम्बन्धित पक्षको आवश्यकता के हो ? उसलाई कसरी सहजीकरण गर्दिने ता कि सरकारले गर्न नसकेका कतिपय कामहरू सामाजिक रूपमा सम्बन्धित संघ-संस्थाले गर्न सकून् । उनीहरूलाई [परिषद्ले] विश्वासमा लिनु पर्‍यो ।"[२८] तर, यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने परिषद्को संरचना र अधिकार त्यहाँ काम गर्ने कर्मचारीको चरित्रमा भर पर्ने गरी बनाइँदा लोकतान्त्रिक व्यवस्था संस्थागत हुँदैन र संविधानप्रदत्त हक उपभोग गर्ने परिस्थिति बन्दैन । उदारचित्त भएका कर्मचारी वा लोकतान्त्रिक विचार बोक्ने राजनीतिज्ञ हुँदा मात्रै नियन्त्रणको मनसाय बोकेका प्रावधानलाई पनि समन्वयका रूपमा व्याख्या गर्लान् । तर दुवै ठाउँमा अनुदारवादीको बोलवाला हुँदा समन्वय र सहजीकरणका किटानी प्रावधानसमेत नागरिक समाजलाई नियन्त्रण गर्ने बाटो बन्न सक्छ भन्ने कुरा विगतमा राज्यका

[२७] त्यसै गरी ऐनको दफा ५२(१) मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि आवश्यक ठानेमा परिषद्लाई निर्देशन दिन सक्ने कुरा उल्लेख छः "विभिन्न कामकारबाहीका सिलसिलामा मन्त्रालयले समय समयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ । मन्त्रालयका सचिवले परिषद् र परिषद्सँग आबद्ध कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन् । निरीक्षण तथा अनुगमनबाट प्राप्त सुझावको कार्यान्वयन गर्नेतर्फ सम्बन्धित निकाय अग्रसर हुनुपर्नेछ ।" यसको आधारमा नियन्त्रणको विभिन्न तह छ र सामाजिक संस्थाहरूलाई नियन्त्रणमा राख्न खोज्ने परिषद् पनि केही हदसम्म मन्त्रालयकै अधिनमा छ भन्न सकिन्छ ।

[२८] हेर्नुहोस्, बीबीसी नेपाली । सन् २०१७ । नेपाल सन्दर्भ (विपिन अधिकारी र रामराज भट्टराईसँग बीबीसी नेपालीले गरेको छलफल) । www.bbc.com/nepali/news-38783814 मा उपलब्ध; २७ जेठ २०७४ मा सुनिएको ।

निकायले "शान्ति सुरक्षा," "राजकाज" र विद्युतीय कारोबारका मुद्दा कसमाथि र किन लगाएको थियो परीक्षण गर्दा स्पष्ट हुन्छ ।

प्रस्तावित ऐनमार्फत् परिषद्लाई सामाजिक संस्थाहरूमाथि नियन्त्रण गर्न यतिबिघ्न अधिकार दिन खोजिएको छ कि उसले सामाजिक संस्थाहरूलाई कस्तो काममा, कति लगानी गर्ने र को-को कर्मचारी नियुक्त गर्नेसम्म निर्देश गर्न सक्छ । दफा ३४(ग) र (घ) मा "परियोजनाको कुल रकमको बीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च नहुने व्यहोरा" र "परियोजना सञ्चालनका लागि छुट्ट्याइएको रकमको कम्तिमा पचहत्तर प्रतिशत रकम प्रत्यक्ष रूपमा लक्षित वर्गलाई फाइदा पुग्ने कार्य र बाँकी रकम परियोजनासँग सम्बन्धित जनचेतना, तालिम, क्षमता विकास, आदि जस्तामा खर्च हुने व्यहोरा" उल्लेख गरिएको छ । यो प्रावधान एक त अनुसन्धानमुखी वा बहस पैरवी गर्ने उद्देश्यले खुलेका संस्थाको हकमा व्यावहारिक छैन, न उक्त प्रावधानले विद्यमान संस्थागत विविधतालाई आत्मसात् गरेर यस्ता संस्थाको हकमा मात्र लागू हुनेछ भनिएको छ । उदाहरणका लागि "प्रत्यक्ष रूपमा लक्षित वर्गलाई फाइदा पुग्ने कार्य" को परिभाषा के हो, कतै प्रस्ट छैन । समाज कल्याण परिषद्ले विद्यमान निर्देशिकाहरूमा पनि "हार्डवेयर" र "सफ्टवेयर" प्रकृतिका कार्यक्रमको अनुपात ६० र ४० प्रतिशत हुनुपर्ने भनेको छ । ठोस निर्माणजस्ता प्रस्ट देखिने गतिविधिलाई "हार्डवेयर" र अनुसन्धान, जनचेतना, तालिम, क्षमता विकासजस्ता गतिविधिलाई "सफ्टवेयर" को रूपमा परिभाषित गरिएको छ । प्रस्तावित ऐनमा पनि "प्रत्यक्ष रूपमा लक्षित वर्गलाई फाइदा पुग्ने कार्य" भनेर त्यसैलाई भन्न खोजिएको हो भने अहिले अनुसन्धान, पैरवी वा यस्तै प्रकृतिका काममा केन्द्रित भएर ती क्षेत्रमा योगदान गरिरहेका सामाजिक संस्थाको अस्तित्व नामेट हुने देखिन्छ । तिनले आफूले गर्ने गतिविधिमध्ये तीन चौथाई क्रियाकलाप वा बजेट "विकास निर्माण" कार्यमा केन्द्रित गर्नुपर्ने भयो अथवा संस्था बन्द गरे भयो । कुनै संस्था वा समूहले हाम्रो रुचि वा क्षमता यो कार्यमा छ त्यसैले हामी यसमा केन्द्रित हुन चाहन्छौँ भन्न नपाउने र कसले के गर्ने भन्ने कुरा तोक्ने जिम्मा राज्य वा त्यस अन्तर्गतको अमुक निकायले लिने व्यवस्था लोकतान्त्रिक समाजका लागि व्यंग्य सिवाय केही होइन ।

प्रस्तावित ऐनको दफा ३९ "गैरसरकारी संस्थाका कर्मचारी भर्नासम्बन्धी व्यवस्था" बारे छ । उपदफा १ अनुसार "समाज कल्याण तथा विकासको कार्य गर्ने गैरसरकारी संस्थाले कर्मचारी भर्ना गर्दा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ ।" सबै किसिमका सामाजिक संस्थाहरूले "राष्ट्रिय दैनिक पत्रिका" मा नै सूचना प्रकाशन गर्न किन आवश्यक पर्ने हो बुझ्न सकिँदैन । त्यस्तै, उपदफा २ अनुसार "परिषद्ले गैरसरकारी संस्थाले कर्मचारी भर्नासम्बन्धी निर्देशिका बनाउनेछ । सोही निर्देशिकाको आधारमा गैरसरकारी संस्थाले कर्मचारीको पदपूर्ति गर्नुपर्नेछ ।" तर, निर्देशिका बनाउने प्रक्रियामा सामाजिक संस्थाहरूको सहभागिता र प्रतिनिधित्वबारे एक शब्द पनि छैन । कर्मचारी भर्नाका सम्बन्धमा नेपालका श्रम कानून वा अन्य ऐन नियमावली पनि छन् । त्यसैलाई मानेर कर्मचारी भर्नासम्बन्धी आन्तरिक नीति र नियमावली बनाएर संस्थाहरू चलिरहेका छन् । यस्तोमा एउटा स्वतन्त्र संस्थाको कर्मचारी भर्ना प्रक्रियामा समाज कल्याण परिषद् संलग्न हुनु भनेको संस्थाको स्वायत्ततामाथि ठाडो प्रहार हो । यो त पत्रिका या मिडिया हाउसका लगानीकर्तालाई यो वा ऊ सम्पादक/पत्रकार नियुक्त गर भने जस्तै हो । राज्यले यो अधिकार प्रयोग गरी तानाशाही व्यवस्थामा झैँ सार्वजनिक वृत्तलाई "माइक्रो म्यानेज" गर्ने परिस्थिति बनाउने छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुबोधराज प्याकुरेलका अनुसार नेपालको कर्मचारीतन्त्रमा कागजद्वारा समाज नियन्त्रण गर्ने प्रवृत्ति हावी थियो, र छ । प्याकुरेल भन्छन्, "नेपालको कर्मचारीतन्त्र एउटा नियम बनाएर अथवा निर्देशिका जारी गरेर सामाजिक संस्थाहरू नियन्त्रण गर्न सकिन्छ भन्ने सोच राख्छ जुन हास्यास्पद छ । सामाजिक संस्थाहरूलाई मर्यादित बनाउने हो भने यस्तो कागजी कामभन्दा बरु संस्थाहरूको जाँचबुझ गर्नु बढी उपयुक्त हुन्छ ।" प्याकुरेल थप्छन्, "नेपालको कर्मचारीतन्त्रको सामाजिक संस्थाहरूप्रतिको रिस भनेको दाताहरूबाट पाउने उही स्रोतका लागि यी संस्थाहरूसँग प्रतिस्पर्धा गर्नुपरेकाले पनि हो । अर्को कारण भनेको सामाजिक संस्थाहरूसँग सम्बद्ध केही व्यक्तिहरू एकदम लोकप्रिय र प्रभावशाली भए भनेर हो ।"[२९]

पटकपटकको संघर्षपश्चात् नेपाल अहिले लोकतान्त्रिक गणतन्त्रसम्म पुगे पनि राज्यले बेलाबेलामा निरंकुश चरित्र देखाउने गरेकोमा कर्मचारीतन्त्र मात्र दोषी छ भन्न मिल्दैन । किनभने "संसारको सबैभन्दा लोकतान्त्रिक संविधान" बनाएको दावी गर्ने लोकतान्त्रिक भनिएका कतिपय राजनीतिक दलकै सदस्यहरूको सोचाइ पनि उस्तै छ । तिनमा पनि नियमनका नाउँमा सामाजिक संस्थालाई "नियन्त्रण" मै राख्नु पर्ने विचार हावी छ । प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का एकजना प्रभावशाली युवा नेताले "नेपालका सामाजिक संस्थाहरू अहिले स्व-नियमन गर्नसक्ने अवस्थामा पुगिनसकेकाले राज्यले नै उनीहरूको नियमन गर्नु पर्ने" बताए । सोही कार्यक्रममा नयाँ शक्ति पार्टीकी एक नेतृले नेपालमा स्वतन्त्रताका नाममा "छाडातन्त्र" हावी भएकाले नागरिक समाजलाई खुला छाड्नु उचित नहुने बताइन् । उक्त कार्यक्रममा उपस्थित अन्य कतिपय दलका नेताले पनि एनजीओहरूमाथि "नियन्त्रण" कै वकालत गर्दै प्रस्तावित ऐनलाई जायजै बताए ।[३०] निर्दलीय पञ्चायती व्यवस्थामा राजनीतिक

[२९] प्याकुरेलसँग २४ जेठ २०७४ मा गरिएको कुराकानी ।

[३०] ८ चैत २०७३ मा मिडिया र नागरिक समाजसम्बन्धी काठमाडौँमा आयोजित अनौपचारिक छलफल कार्यक्रममा व्यक्त विचार ।

दलबारे राज्यको जे विचार थियो, अहिले झण्डै ठ्याक्कै त्यस्तै विचार राज्य सञ्चालनमा पुगेका दलहरूको नागरिक संस्थालाई लिएर छ। नेपाल मजदुर किसान पार्टीले त स्थानीय तहको निर्वाचन २०७४ को आफ्नो घोषणापत्रमा गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संगठनहरूलाई नियमन गर्ने विषयलाई प्राथमिकतामै राखेको छ।[३१]

## अबको बाटो

पञ्चायतकालीन सामाजिक सेवा राष्ट्रिय समन्वय ऐन, २०३४ र सो ऐन अन्तर्गत गठित सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्कै प्रतिलिपिका रूपमा प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३ आएको छ। विद्यमान कानूनी प्रावधान र प्रस्तावित ऐनको प्रमुख समस्या भनेको यसले नेपालका सामाजिक संघ-संस्थाका बहुल स्वरूपलाई आत्मसात गर्न सकेको छैन। सामाजिक संघ-संस्थाका प्रकार, काम, र संरचनामा भएको विविधतालाई ख्यालै नगरी ऐन निर्माताहरूले ज्यादै साँघुरो घेराबाट नेपाली समाजलाई हेर्न खोजेको देखिन्छ। सामाजिक संस्थाहरूको हामीकहाँ जुन विविधता छ, त्यसले समाज कल्याण परिषद् सबै किसिम र कार्योद्देश्य भएका सामाजिक संस्थाहरूको नियमन गर्न सक्षम निकाय होइन भन्न सकिन्छ। परिषद्को विगत र वर्तमान समेत हेर्दा "विकास निर्माण" का काम गर्ने संस्थाहरू नियमन गर्नका लागि त यो निकाय उपयुक्त होला, तर प्राज्ञिक, अनुसन्धानात्मक तथा बहस पैरवी गर्ने संस्थालाई नियमन तथा प्रोत्साहन गर्ने क्षमता र उद्देश्य यसले राख्दैन भन्ने छर्लंग हुन्छ।[३२] पछिल्ला किसिमका संस्थाहरूको हकमा त परिषद्को भूमिका ठाडो हस्तक्षेपकारी, अनुदार, नियन्त्रणकारी र निर्देशनात्मक देखिन्छ। परिषद्को अक्षमताका साथै नियन्त्रणकारी र मौलिक हकविरोधी नीति र व्यवहारका कारण प्राज्ञिक र अनुसन्धानमा संग्लग्न संस्थाहरूको नियमन गर्ने छुट्टै स्वतन्त्र निकायको आवश्यकता छ, जसमा यसप्रकारका सामाजिक संस्थाहरूको पनि सहभागिता र प्रतिनिधित्व होओस्।

अर्को विकल्प भनेको प्राज्ञिक, अनुसन्धानात्मक तथा बहस पैरवी गर्ने संस्थाहरूले बृहत्तर सामाजिक हित दृष्टिगत गर्दै पारदर्शी र जवाफदेही भई गतिविधि सञ्चालन गर्ने स्व-नियमनको व्यवस्था गर्नु हुनेछ। यिनै साँघुरो हेराइकै कारण नेपाली सामाजिक संस्थाको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सम्बन्धमा बारम्बार प्रश्न उठाइने गरेको पाइन्छ। सबै सामाजिक संस्थाहरूले मान्यताप्राप्त लेखा परीक्षकहरूबाट वार्षिक लेखा परीक्षण गराउनै पर्छ। प्रायः संस्थाले बर्सेनि सार्वजनिक गर्ने लेखापरीक्षणका प्रतिवेदनले तिनको आर्थिक कारोबार प्रचलित ऐनकानून बमोजिम भए-नभएको देखाउँछ। कुनै संस्थाको आर्थिक कारोबार यदि राज्यलाई गैरकानूनी भएको शंका लागेको हो भने छानबीन गर्ने, आर्थिक लेनदेनका प्रक्रियालाई थप पारदर्शी तुल्याउने व्यवस्था गर्न सकिन्छ। तर, उत्तरदायित्व या जवाफदेहिताको बहाना गरी सामाजिक संस्थालाई राज्यका निकायप्रति समर्पित गराउनु ठीक होइन। विभिन्न क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरू आ-आफ्ना लक्षित समूहप्रति फरक-फरक किसिमले जवाफदेही हुन्छन् भनेर बहुल दृष्टिकोण राख्नु जरुरी छ। उदाहरणका लागि, कुनै प्राज्ञिक सामाजिक संस्थाको कामको मूल्यांकन भनेको तिनले गरेका अनुसन्धान, प्रकाशनलाई तिनका समकक्षीहरूले कसरी ग्रहण गर्छन् भन्ने नै हो। प्राज्ञिक क्षेत्रमा काम गर्ने संस्थाहरूको जवाफदेहिताको मूल्यांकन गर्ने सबैभन्दा सजिलो र भरपर्दो तरिका यही हो। तिनका अनुसन्धानका परिणाम र प्रकाशनको उपादेयता, गुणस्तर र प्रभावको मूल्यांकन समाज कल्याण परिषद्का कर्मचारीले गर्न सक्तैनन्। नाफामुखी संस्थाभन्दा बेग्लै सामाजिक संस्थाको मुख्य उत्तरदायित्व बृहत् नागरिक समाजप्रति हुन्छ, दाताप्रति होइन। तिनले सञ्चार माध्यममार्फत आफ्ना कार्यमाथि खुला छलफल चलाउँछन् र आफ्ना लक्षित समूहबाट प्राप्त प्रतिक्रियालाई आत्मसात् गर्दै कार्यक्रम परिमार्जन गर्दै जान्छन्। तसर्थ, सामाजिक संस्था केवल राज्य र दाताप्रति मात्र जवाफदेही हुनुपर्छ भन्ने बुझाइबाट मुक्त भएर बहुल दृष्टिकोण अपनाइनु पर्छ।

सामाजिक संस्थालाई राज्यले नियमन गर्ने होइन, आचारसंहितामार्फत् स्वनियमन गर्नुपर्छ भन्ने आवाज पनि उठ्दैआएको छ। गैरसरकारी संस्था महासंघका अध्यक्ष गोपाल लम्सालका विचारमा, राज्यले कर र राजश्वबाहेकका कुरामा सामाजिक संस्थाहरूलाई नियमन अथवा नियन्त्रण गर्न खोज्नु लोकतान्त्रिक होइन। "नेपालका राजनीतिक दल र कर्मचारीहरूलाई नेपालमा जे पनि समस्या छन्—जस्तै संविधान निर्माण गर्दाका चुनौती, मधेश-पहाड सम्बन्ध—यी सबै एनजीओले गर्दा हुन् भन्ने लाग्छ। सार्वजनिक रूपमा केही नभने पनि नेपालका राजनीतिक दल र कर्मचारीतन्त्रको नियत सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्ने नभएर नियन्त्रण गर्नेमा केन्द्रित छ भन्ने कुरा ऐनको मस्यौदा पढ्दा प्रस्ट हुन्छ।"[३३] जसरी प्रस्तावित ऐनले नागरिक र राज्यबीच हुने मध्यस्थ (इन्टरमीडिएट) संस्थाहरूको महत्त्वलाई नकार्दै अनुदारवादी र असहिष्णु सरकारी निकायको परिकल्पना गरेको छ, त्यसले नेपाललाई लोकतन्त्र

[३१] हेर्नुहोस्, नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्र, पृ. २३। http://election.setopati.com/wp-content/uploads/2017/05/%E0%A4%A8%E0%A5%87%E0%A4%AE%E0%A4%95%E0%A4%BF%E0%A4%AA%E0%A4%BE.pdf मा उपलब्ध; ९ असार २०७४ मा हेरिएको।

[३२] अहिलेकै नीति तथा त्यसको कार्यान्वयन पनि कसरी प्राज्ञिक संस्थाहरूप्रति अनुदार र असहयोगी छन् भनेर बुझ्नका लागि हेर्नुहोस्, हुमागाईं, देवराज। २०७३। अनुसन्धान नरुचाउने राज्य। *सेतोपाटी*, २२ चैत। http://archive.setopati.com/blog/66519/ मा उपलब्ध; २७ जेठ २०७४ मा हेरिएको।

[३३] लम्सालसँग ४ चैत २०७३ मा गरिएको कुराकानी।

होइन तानाशाही व्यवस्थातर्फ लैजाने छ । पत्रकार तथा फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालको विचारमा सामाजिक संस्थासम्बन्धी बहस भनेको संगठित हुन पाउने र संस्था खोल्न पाउने मौलिक अधिकारबारे बहस हो । उनी भन्छन्, "यो ऐनको प्रभाव भनेको एनजीओमा मात्र नभएर लोकतन्त्रमा पनि पर्छ । ऐनमाथिको आपत्ति र विवाद भनेको प्राविधिक मात्र नभएर राजनीतिक पनि हो ।"[३४]

यी सबैभन्दा भिन्न अर्को सैद्धान्तिक प्रश्न पनि छ, जुन हाल बहसमा नआए पनि दूरगामी महत्त्वको छ । अहिले सामाजिक संगठनले नागरिकको संविधानप्रदत्त संगठित हुन पाउने तथा अभिव्यक्ति स्वतन्त्रताको हक उपयोग गर्दै जुन काम गरिरहेका हुन्, पत्रकार, राजनीतिक दलहरू र अन्य संस्थाले गर्ने कार्यक्रम/गतिविधि पनि संविधानका तिनै मौलिक हकबाट निसृत हुन् । राजनीतिक दलले मुलुकभरमै विभिन्न सांगठनिक, प्रशिक्षण, भाषण, इत्यादि कार्यक्रम दिनदिनै गरिरहेका हुन्छन् । पत्रकारले जहीँतहीँबाट निर्बाध रिपोर्टिङ गरिरहेका हुन्छन् । पत्रकारले या राजनीतिक दलले आफ्ना गतिविधि या कार्यक्रम निर्बाध गर्न पाएजस्तै एउटा अनुसन्धान या बहस पैरवी गर्ने संस्थाले आफ्ना कार्यक्रम गर्न, अनुसन्धान गर्न या सर्वेक्षण गर्न नपाउने र विभिन्न तहबाट स्वीकृति लिनुपर्ने किन हो ? राज्यबाट कुनै सहयोग नलिएका, राज्य स्वयंले केही लगानी नगरेका र राज्यका आर्थिक-कानूनी परिधिभित्र सञ्चालन भैरहेका सामाजिक संस्थाहरूलाई "तँ यो गर, उ नगर" भनेर आदेश दिन उसका कानूनी र नैतिक आधार के के हुन् ? के पत्रकार जगत्‌लाई सरकारी निकायबाट पूर्वस्वीकृति लिएर मात्र रिपोर्टिङ गर्ने व्यवस्था मान्य हुन्छ ? के दलहरूलाई मुलुकभर कार्यकर्ता परिचालन र अन्य कार्यक्रम गर्न कुनै निकाय विशेषको पूर्वस्वीकृति लिनुपर्ने बाध्यकारी व्यवस्था मान्य छ ? छैन भने, सामाजिक संघ-संस्था सञ्चालनमा मात्र यो पञ्चायतकालीन व्यवस्था किन थोपरिएको हो ? के यो मुलुकमा राजनीतिक दललाई मात्र स्वतन्त्रता भए पुग्छ ? के सबै नागरिकले पञ्चायतमा वर्गीय संगठनमा भाग लिएर मात्र संगठित हुन पाएजस्तै अमुक राजनीतिक दलमा मात्रै संगठित हुनुपर्ने हो ? राजनीतिक दलभन्दा भिन्न भएर नागरिकले संगठित भएर आफ्ना रुचिका विषय र क्षेत्रमा कार्य गर्न पाउँदैनन् ? यी प्रश्नको जवाफले राज्य र नागरिक एवं नागरिक संगठनबीचको सम्बन्धको सैद्धान्तिक धरातल त प्रस्ट्याउँछन् नै, हाम्रो राज्यको चरित्र अधिनायकवादी/अधिनायकवादउन्मुख हो या लोकतान्त्रिक, त्यो बताउँछन् । दुःखको कुरा, नागरिक अधिकारको यो निर्मम कटौती सम्बन्धमा नागरिक अधिकार र लोकतान्त्रिक व्यवस्थाका लागि वर्षौं संघर्ष गरेका हाम्रा राजनीतिक दल र तिनका नेतृत्वगण चुइँक्क बोलेका छैनन् ।

खुला नेपाली समाजलाई निर्देशित लोकतन्त्रतर्फ धकेल्ने प्रयत्नको पछिल्लो कडीको रूपमा प्रस्तावित समाज कल्याण तथा विकास ऐन देखापरेको छ । यसको पहिलो आक्रमण लोकतन्त्रको धमनिको रूपमा रहेको नेपालको सार्वजनिक वृत्त हुँदैछ । स्वतन्त्र र आलोचनात्मक चेत भएका सामाजिक संस्थालाई यसरी सुकाएपछि निर्देशित लोकतन्त्रका हिमायतीहरूलाई चुनौती दिनसक्ने कुनै संगठित शक्ति रहने छैन । तिनले लोकतन्त्रको थेगो जप्नै नेपाललाई बन्द समाज बनाउने छन् । अधिनायकवाद उन्मुख निर्देशित समाजतर्फको नेपालको यो प्रतिगमनलाई बेलैमा रोक्न प्रस्तावित समाज कल्याण तथा विकास ऐन २०७३ को पूर्ण खारेजी हुनुपर्छ र सामाजिक संस्थाको प्रत्यक्ष सहभागिता र व्यापक बहसमार्फत मात्र त्यस्तो कुनै ऐनको मस्यौदा बन्नु पर्छ । साथै, सामाजिक संस्थाजस्ता मध्यस्थ (इन्टरमिडियट) संरचनामार्फत संगठित हुन पाउने नेपाली नागरिकको मौलिक हक सुनिश्चित हुने गरी संस्था दर्ता ऐनलगायतका प्रावधानमा संशोधन गरिनु पर्छ ।

[३४] दाहालसँग २४ जेठ २०७४ मा गरिएको कुराकानी ।

सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु मार्टिन चौतारीको शुरू देखिकै उद्देश्य हो। नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ। यहाँ सातामा दुई दिन विविध विषयमा छलफल हुन्छ। यसबाहेक यसले सत्ता संरचनामा आइरहेको परिवर्तन, ज्ञान उत्पादनका स्थल र संस्थाका चरित्र र गतिविधि, र नेपाली समाजमा भइरहेको भौतिक रूपान्तरणका विभिन्न आयाम विषयमा गणतान्त्रिक बहुलताको सन्दर्भमा र लैंगिक, भौगोलिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणसहित अनुसन्धान गर्दै आएको छ। युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो।

अहिलेसम्म चौतारीले ९० ओटा पुस्तक प्रकाशन गरिसकेको छ। सन् १९९६ देखि निरन्तर प्रकाशन हुँदै आइरहेको जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र सन् २००६ देखि प्रकाशन हुन थालेको *मिडिया अध्ययन* (सन् २०१६ देखि *समाज अध्ययन* नामकरण गरिएको) को सम्पादकीय गृह पनि चौतारी हो। सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेसन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ। पुस्तकालयमा २२ हजारभन्दा बढी पुस्तक छन् जसमध्ये करिब एक चौथाई मिडियासम्बन्धी छन्।

मार्टिन चौतारीका पाँच काम – छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय – आपसमा अन्तरसम्बन्धित छन्। समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषणमूलक अनुसन्धानमार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन्।

**निर्देशित लोकतन्त्रतर्फ अर्को पाइला: प्रस्तावित समाज कल्याण तथा विकास ऐन, २०७३**
**शोध-संक्षेप (Research Brief) अंक २०, भदौ २०७४**
**© मार्टिन चौतारी, २०७४**

**मार्टिन चौतारी**
२७ जीतजंग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
टेलिफोन : + ९७७-१-४१०२०२७/४२३८०५०
फ्याक्स : + ९७७-१-४२४००५९
इमेल : chautari@mos.com.np
www.martinchautari.org.np